का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १९, अंक २९१
२९ मंसिर २०७८, बुधबार
15 December 2021, Wednesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।



कांग्रेस महाधिवेशन

## ‘प्रजातान्त्रिक’ मिल्दा देउवालाई लाभ

२०५९ सालमा नेपाली काँग्रेस विभाजन गरी काँग्रेस प्रजातान्त्रिक बनाएका नेताहरु एकठाउँ उभिदा १४औं महाधिवेशनमा शेरबहादुर देउवा आफैले नसोचेको परिणाम पाउन सफल भए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।

राजधानीमा जारी १४औं महाधिवेशनबाट नेपाली काँग्रेसमा नयाँ समीकरण बन्न पुगेको छ। सोमबार भएको मतदानमा कुनैपनि सभापतिको उम्मेद्वारले बहुमत (खसेको मतको ५१ प्रतिशत) पाउन नसकेपछि काँग्रेसमा प्रधानमन्त्री शेरबहादुर देउवा आफैले नसोचेको सफलता भएका छन् । पहिलो चरणको निर्वाचनमा देउवाले बहुमत पाउन सकेका थिएनन् ।

देउवाले पहिलो चरणको मतदानबाट २,२५८ मत पाएका थिए। निकटतम प्रतिद्वन्द्वी डा. शेखर कोइरालाले १,७२९ मत पाए। सभापतिका अन्य प्रतिश्पर्धी प्रकाशमान सिंहले ३६०, विमलेन्द्र निधिले २३९ र कल्याण गुरूङले २० मत पाए। सिंह, निधि र गुरुङ पहिलो चरणबाटै बाहिरिए। सोमबार रातिसम्म भएको मतदानमा सभापति पदमा ४,६७९ मत खसेको थियो। यो महाधिवेशनमा ४,७४३ प्रतिनिधि सहभागी छन्।

पहिलो चरणबाट बाहिरिएका

– बाँकी पृष्ठ २ मा

## सम्झी–सम्झी अवरोध

प्रमुख विपक्षी दल नेकपा एमालेले मंगलबार पनि प्रतिनिधिसभा बैठक अवरोध गरेको छ । एमाले अवरोधका कारण संसद बैठकमा जनप्रतिनिधिहरुले जनताका समस्याबारे सरकारलाई खबरदारी गर्न पाएका छैनन् ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २८ मंसिर ।

पार्टी विभाजनमा सहयोग गरेको आरोप सहित सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा माग गर्दै आएको प्रमखु विपक्षी दल नेकपा एमालेले मंगलबार पनि संसद् बैठक अवरोध गरेको छ। विधेयक अधिवेशन शुरु भएको दिन, मंगलबार संसदीय दलको बैठक राखेर एमालेले अवरोधको निर्णयलाई निरन्तरता दिने निर्णय गरेको थियो ।



पार्टी विभाजनमा सहयोग गरेको आरोप लगाएको सभामुख सापकोटासँग एमालेको अर्को माग पनि छ । एमालेले नेकपा एकीकृत समाजवादीका सांसदहरुलाई संसद्बाट हटाउन माग गर्दै आएको छ। दलको निर्णय अनुसार एमालेले संसद् बैठक शुरु हुनासाथ अवरोध गरेका थिए। सभामुख सापकोटाले बैठक सञ्चालनमा सहयोग गर्न आग्रह गरेपनि एमालेको अवरोध कायमै रह्यो ।

एमालेका सांसदहरुले नाराबाजी सहित रोष्टम गरेपछि सभामुख सापकोटाले बैठक एक साताका लागि स्थगित गरेका छन्। एमालेले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहित १४ सांसद्लाई कारबाहीका लागि सिफारिश गरेपनि सभामुख सापकोटाले नहटाएको आरोप लगाउँदै आएको छ।

मंगलबारको बैठकमा दलका नेता एवम् अध्यक्ष केपी शर्मा ओलीले आफू अन्याय सहेर निरीह भएर बस्न नसक्ने भएकाले विरोध कायम राख्ने र आवश्यक परे अवरोध गर्ने चेतावनी दिएका थिए ।

ओलीले संसदीय समितिमा एमालेले आफ्नो हैसियतका आधारमा सभापतिमा हेरफेर हुनुपर्ने अडान व्यक्त गरे। राज्यका सबै अङ्ग प्रभावहीन अवस्थामा पुगेको जिकिर गर्दै आफू देशहितका पक्षमा सशक्तरुपमा उभिने बताए । सभामुख सापकोटाले बोलाएको कार्यव्यवस्था परामर्श समितिको बैठकमा एमालेका तर्फबाट खगराज अधिकारी र कृष्णभक्त पोखरेल सहभागी भई सांसद्लाई कारबाही नगरेसम्म संसद् नचल्ने अवगत गराए ।

एमालेको अवरोधबीच बैठकमा ‘तेजाब तथा घातक रासायनिक पदार्थ नियमन अध्यादेश, २०७८’ सहित विभिन्न छ अध्यादेश पेश भएको छ । गृहमन्त्री बालकृष्ण खाँणका तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री दिलेन्द्रप्रसाद

– बाँकी पृष्ठ २ मा

## सरकार टिकाउन मनपरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ मंसिर ।

बागमती प्रदेशमा मन्त्रिपरिषद् फेरि बिस्तार भएको छ। मुख्यमन्त्री राजेन्द्र पाण्डेले मंगलबार मन्त्रिपरिषद् बिस्तार गरेका हुन् । मुख्यमन्त्री पाण्डेले नेकपा माओवादी केन्द्रका तीन र नेकपा एकीकृत समाजवादीबाट एक मन्त्री नियुक्त गरे । एकीकृत समाजवादीबाट एक राज्यमन्त्री समेत नियुक्त भएका छन् ।

माओवादी केन्द्रका घनश्याम दाहाल श्रम, रोजगार तथा यातायात र विशाल खड्का वन तथा बातावरण मन्त्री नियुक्त भए । रत्नप्रसाद ढकाललाई युवा तथा खेलकुद मन्त्री नियुक्त गरेका हुन् । एकीकृत समाजवादीका बसन्त मानन्धर खानेपानी, उर्जा तथा सिंचाइ मन्त्री नियुक्त भएका छन् । मुख्यमन्त्री पाण्डेले बसुन्धरा हुमागाईंलाई कृषि तथा पशुपन्छी विकास मन्त्री र इन्द्रमाया गुरुङलाई कृषि राज्य मन्त्री नियुक्त गरेका छन् ।

मंगलबारको बिस्तार पछि बागमतीको मन्त्रिपरिषद् ११ सदस्यीय बनेको छ। यसअघि

– बाँकी पृष्ठ २ मा




## वैदेशिक रोजगारको औषत लागत एक लाख

**काठमाडौं/रासस–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगारीका क्रममा लाग्ने सम्पूर्ण लागत रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्न सरकारलाई सुझाव दिएको छ। ‘माइग्रेन्ट रिक्रुटमेन्ट एडभाइजर’ प्रयोगकर्ता श्रमिकद्वारा आफूले सेवा लिएका म्यानपावर कम्पनीको सेवा मूल्याङ्कनका सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन मंगलबार सार्वजनिक गर्दै जिफन्टले रोजगारदाताले नै भर्ना शुल्क र खर्च व्यहोर्ने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरी न्यायोचित भर्ना प्रक्रिया अगाडि बढाउन सुझाव दिएको हो ।

अध्ययनमा सहभागी एक हजार ५ सय ९३ मध्ये ९८ प्रतिशत बढी व्यक्तिले आफूले चर्को भर्ना शुल्क तिरेको बताएका थिए । उनीहरुले औषत एक लाख रूपैयाँ भर्ना शुल्क तिर्नुपरेको अध्ययनले जनाएको छ। अध्ययनमा संलग्न दुई प्रतिशतभन्दा कम व्यक्तिले आफूले कुनै पनि शुल्क तथा खर्च व्यहोर्नु नपरेको बताएका थिए ।

सरकारले पछिल्ला केही वर्षयता वैदेशिक रोजगारीका क्रममा श्रमिकको भर्नाबापतको सम्पूर्ण लागत रोजगारदाताले व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । श्रमिक भर्नाको सम्पूर्ण लागत रोजगारदाताले नै व्यहोर्नुपर्ने विषयलाई गन्तव्य मुलुकसँगको श्रम समझदारीमा समेटिएको छ। जोर्डन, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), मरिससलगायत मुलुकसँगको द्विपक्षीय श्रम सम्झौतामा

– बाँकी पृष्ठ २ मा


वैदेशिक रोजगार विशेष

### एजेन्टको सक्रियता घटेन

**काठमाडौं/मस–** सरकारले वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्दै म्यानपावर एजेन्ट खारेज गरेको छ । ऐनले एजेन्ट खारेज गरे पनि अझै एजेन्टको सक्रियता नघटेको अध्ययनमा पाइएको छ । वैदेशिक रोजगारीमा जान चाहनेमध्ये ४० प्रतिशत व्यक्ति एजेन्टमा नै निर्भर रहेका छन् । ३२ प्रतिशत व्यक्ति भने प्रत्यक्षरुपमा सम्बन्धित म्यानपावर कम्पनी पुगेका छन् ।

अध्ययनमा संलग्न अधिकांशले आफूले रोजगार करार सम्झौता प्राप्त गरेको र त्यसमध्ये ९५ प्रतिशत सहभागीले आफूले सम्झौतामा लेखिएको भाषा बुझेको बताएका छन्। कतिपयले आफूले सम्झौतामा उल्लेखित भाषा पढ्न नसकेको तर म्यानपावर कम्पनीका प्रतिनिधिले पढेर सुनाएको बताएका थिए ।

– बाँकी पृष्ठ २ मा






# सामाजिक सुरक्षा भत्ताको दुरुपयोग



**काठमाडौं/मस-** सरकारले आफ्ना नागरिकको सुविधाका लागि उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता वितरणमा नै अनियमितता हुने गरेको पाइएको छ । ज्येष्ठ नागरिक, असहाय विधवा, अशक्त, अपांगता भएका नागरिक र दलित ज्येष्ठ नागरिकलाई वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता वितरण गरेको भन्दै फर्जी कागजात बनाएर भ्रष्टाचार गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ । महोत्तरीको साविक नमूना गाउँ विकास समितिको कार्यालय गौशालाका तत्कालीन सचिव नागेश्वर रायले आफैँले हस्ताक्षर गरी राज्यले उपलब्ध गराएको रकम बुझ्ने गरेको अनुसन्धानमा खुलेको छ। आर्थिक वर्ष २०६७/०६८ मा जिल्ला विकास समितिको कार्यालय जलेश्वरले उपलब्ध गराएको रकम दुरुपयोग गरेको आयोगको ठहर छ ।

भर्पाइको बुझी लिनेको सहीछाप महलमा आफैँले र अरु व्यक्तिलाई समेत औंठाछाप गर्न लगाई रु १२ लाख ८६ हजार ८०० बराबरको भ्रष्टाचार गरेको पाइएको छ । आयोगले तत्कालीन सचिव नागेश्वरविरुद्ध बिगोबमोजिमको कारबाहीको माग गर्दै मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता नारायणप्रसाद रिसालले बताए ।

यस्तै, नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय लहानमा कार्यरत लेखा प्रमुख विष्णुप्रसाद गुप्ताविरुद्ध पनि मंगलबार विशेष अदालतमा मुद्दा दायर गरिएको छ । मिटररिडर पदबाट अनिवार्य अवकाश पाएका धनपति ठाकुर र हेल्पर सत्यनारायण साहले पाउने रकममा बदमासी गरेको पाइएको छ ।

गुप्ताले ठाकुरको नामको रु आठ लाख सात हजार ३६० को चेक आफ्नै खातामा जम्मा गर्न लगाएको र सत्यनारायण साहको एक लाख २४ हजार २०० बराबरको चेक कार्यालय सहायकलाई सटही गर्न लगाई आफैँले लिएको तथा बीमाबापतको रकम पाउँदैनौं भन्दै पदीय दुरुपयोग गरेको आयोगको अध्यनबाट पुष्टि भएको छ ।

बीमाबापतको रकम नदिने मनसायका साथ लेखा प्रमुखले भ्रष्टाचारजन्य गतिविधि गरेको पाइएकाले आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

यसैगरी गलत विवरण पेश गरी शिक्षक सेवा आयोगको प्राथमिक तह तृतीय श्रेणीको खुल्ला परीक्षामा सहभागी भई नियुक्त समेत भएको र सरकारी स्रोतको दुरुपयोग गरेको अभियोगमा मनकला चौलागाईं आचार्यविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले आचार्यले तलब भत्ताबाट लिएको छ लाख ७४ हजार ५११ रुपैयाँ बराबरको बिगो कायम गरी विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता रिसालले जानकारी दिए ।

# प्रदेश नं २ को प्रदेशसभा बैठक आज बस्दै



**जनकपुर/मस-** प्रदेश नं २ को प्रदेशसभा बैठक आज बस्ने भएका छ । प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेशसभाको आठौं अधिवेशन बुधबार बिहान ११ बजेको लागि आह्वान गरेका हुन् । नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेशसभाको अधिवेशन आह्वान गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

बैठकमा उपस्थित हुन सबै प्रदेशसभा सदस्यलाई जानकारी गराइसकेको र बैठकको सम्पूर्ण तयारी पूरा भइसकेको प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिए । उनका अनुसार बुधबार बस्ने बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट आठौं अधिवेशनका लागि प्राप्त पत्र पढेर सुनाइने, प्रदेशको नामकरण र राजधानीसम्बन्धी प्रस्ताव पेस हुने र केही अध्यादेशमाथि पनि छलफल हुने सम्भावित कार्यसूची छ ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशन लम्बिएका कारण कांग्रेसका प्रदेशसभा सदस्य महाधिवेशनका क्रममा काठमाडौंमै रहेकाले बैठक औपचारिकतामा मात्र सीमित हुने सम्भावना छ । प्रदेशसभाको आठौं अधिवेशनबाट प्रदेशको नामकरण र राजधानीको प्रस्ताव टेबल हुनेछ ।

# सातै प्रदेशमा महिला संघको कमिटी गठन



**काठमाडौं/मस-** नेकपा (एकीकृत समाजवादी) निकट अखिल नेपाल महिला संघले सातै प्रदेशमा कमिटी गठन गरेको छ । पार्टीको जनवर्गीय सङ्गठनका रूपमा हालै स्थापना भएको संघले प्रादेशिक कमिटी गठन गरेको हो । जिल्ला तह, स्थानीय तह, वडा तहसम्म कमिटी विस्तार गर्ने क्रममा रहेको संघका प्रचार विभाग प्रमुख राममाया(चमिना) भट्टराईले बताए ।

महिला हिंसा न्यूनीकरण गर्न सबै प्रदेशमा विभिन्न राजनीतिक गतिविधि सञ्चालन गरेको संघले महिला हिंसाविरुद्ध १६ दिने कार्यक्रममा समेत देशैभर जनचेतनामूलक अभियान सञ्चालन गरी सामाजिक एकता अभिवृद्धि गरेको थियो । ग्रामीण क्षेत्रमा राजनीतिकरूपमा महिला हक, हित तथा अधिकारका विषयलाई प्रवर्द्धन गरी महिला उद्यमशीलताका माध्यमबाट उनीहरुको जीवनस्तरमा सुधारका साथै आर्थिक सशक्तीकरणमा भूमिका निर्वाह गर्ने कार्य योजना संघले बनाएको छ ।

पार्टीका सबै तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न दबाबमूलक कार्यक्रमसमेत गर्दै आएको संघले जनाएको छ ।

# मर्मत भएन यांग्री र लार्के सडक



**काठमाडौं/मस-**यांग्री र लार्के खोलाको आयोजनास्थलसम्म पुग्ने सडक वर्षाका कारण भत्किएकामा अझै मर्मत हुन सकेको छैन । मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको निर्माणका लागि पहुँचमार्ग निर्माण भइरहँदा असारको पहिलो साता बगाएको थियो ।

बीस किमी सडकमध्ये झण्डै पाँच किमी बगाएको मेलम्ची खानेपानी विकास समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले जानकारी दिए । इन्द्रावती नदीमा आएको बाढीले सडक बगाएको थियो । पहिलो चरणमा मेलम्ची नदीसम्म पुग्ने सडक नबनेकाले अहिले उक्त सडकको मर्मत प्राथमिकतामा नपरेको हो । उनले भने, 'सडक विभागले मर्मत गरिसकेको छ, हामीले गर्न बाँकी छ ।'

दश किमी सडकमध्ये पाँच किमी विभाग र अर्को पाँच किमी आयोजनाले निर्माण गरेको थियो । धापदेखि लार्के र याङ्गीसम्मको सडक निर्माण आयोजनाले गरेको थियो । अहिले निर्माण व्यवसायीले निर्माण अघि बढाउन चाहेको उनले बताए । उनले भने, 'हामीले पहिले मेलम्ची नदीको आयोजनास्थलसम्म नै सडक पुऱ्याउन लागेका थियौं ।'

आयोजनालाई लक्षित गरेर निर्माण हुन लागे पनि सो सडकको निर्माण सम्पन्न हुँदा स्थानीयवासीलाई समेत फाइदा पुग्ने देखिएको छ । यहाँका ३८० कित्ता अधिग्रहण गरेर सडक निर्माण गरिएको थियो । गत असारमा मेलम्ची नदीमा आएको बाढीले गर्दा खानेपानी आयोजनामा ठूलो क्षति पुगेको थियो । आयोजनास्थलमा रहेका धेरै संरचना र निर्माण सामग्री बाढीले बगाएको थियो । आयोजनास्थलभन्दा माथिल्लो भागबाट आएको पहिरोले संरचनामा क्षति पुगेको थियो । अहिले पनि 'हेडवर्क' लगायतका संरचना खोलाको लेदोले पुरिएको छ । सरकारले अहिले सडक मर्मत गरेर आयोजनास्थलसम्म पुऱ्याएको छ ।

## काँग्रेस...

नेताहरुले दोस्रो चरणमा भने देउवालाई समर्थन गरे । निधिले विज्ञप्ति जारी गरेर देउवालाई समर्थन गरेका थिए । लगत्तै निधिले पनि देउवालाई नै समर्थन गरे । निधिले देउवाको प्रस्ताव अस्वीकार गर्दै सभापति पदमा उम्मेद्वार बनेका थिए । १२ औं र १३औं महाधिवेशनमा देउवालाई साथ दिएका निधिले यसपटक विद्रोह गरी सभापतिको उम्मेद्वार बनेका थिए ।

नेतृत्व परिवर्तनको एजेण्डा सहित चुनाव लडेका निधिले दोस्रो चरणमा भने देउवा नै दोहोऱ्याउन तयार भए । नेवि संघका पूर्व सभापति गुरुङले पनि देउवालाई नै साथ दिए । विशेषगरी सिंह र निधिले साथ दिएपछि देउवा फेरि दोहोरिने बाटो खुल्यो । संयोग, यी नेताहरु २०५९ सालमा काँग्रेस विभाजन गरी नेपाली काँग्रेस प्रजातान्त्रिक बनाएका थिए । तर २०६४ सालमा फेरि काँग्रेसमै फर्किएका थिए ।

तर सिंहले देउवा छोड्दै त्यसबेलाका संस्थापन कोइराला परिवारलाई साथ दिन पुगेका थिए । १२औं महाधिवेशनमा सुशील कोइरालाको महामन्त्री निर्वाचित भएका थिए । सिंह प्रत्यक्ष निर्वाचित पहिलो महामन्त्री हुन् । त्यसपछि पनि देउवा इतर समूहमा रहँदै आएका सिंह पुरानै समूहमा फर्किएका छन् । निधि भने पार्टी विभाजन र एकतापछि पनि देउवालाई नै साथ दिदै आएका थिए ।

स्रोतका अनुसार, सिंहलाई देउवाले नेताहरु समेटेर जाने प्रतिबद्धता जनाएका छन् । उद्योग मन्त्री सहित सिंहलाई उपप्रधानमन्त्रीको प्रस्ताव देउवाले गरेका छन् । उपसभापतिका उम्मेद्वार बनेका सुजाता कोइराला पराजित भएपनि उक्त पदमा राख्ने प्रतिबद्धता देउवाले गरेका छन् । अहिले काँग्रेस विधानमा सबै पद प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ । सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्री प्रत्यक्ष निर्वाचित हुनेछन् । तर विधान संशोधन गरी सुजातालाई उपसभापति बनाउने र पछि मन्त्री समेत बनाउने देउवाले प्रतिबद्धता गरेका छन् ।

महामन्त्रीमा प्रतिश्पर्धा गरेका विश्वप्रकाश शर्मा पराजित भएमा केन्द्रीय सदस्य मनोनित गर्ने र कल्याण गुरुङलाई पनि मनोनित गर्ने प्रतिबद्धता देउवाले गरेका छन् । निधिको राजनीतिक संरक्षणको जिम्मा पनि देउवाले लिएका छन् । सिंह र निधिलाई निवासमै पुगेर देउवाले साथ मागेका थिए । काँग्रेसमा बदलिएको समीकरण अनुसार अब फेरि पनि कोइराला नेतृत्वको समूह र प्रजातान्त्रिक तर्फ लागेका नेताहरुको अलग समूह बन्न पुगेको छ ।

## सम्झी...

बडूले 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण, समन्वय), पहिलो संशोधन अध्यादेश, २०७८', र 'सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८' पेश गरे ।

मन्त्री बडूले ' यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८' र 'फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८' पनि पेश गरे । मन्त्री बडूले भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवका तर्फबाट 'रेल्वे अध्यादेश, २०७८' पनि पेश गरे ।

## सरकार...

मुख्यमन्त्री पाण्डेको मन्त्रिपरिषद् ५ सदस्यीय थियो । मुख्यमन्त्री पाण्डेले अझै मन्त्री थप गर्न बाँकी छ । किनकि उनले मन्त्रिपरिषद्को संख्या १४ सदस्यीय बनाएका छन् । मुख्यमन्त्री पाण्डेले नेपाली काँग्रेसबाट मन्त्री थप गर्न बाँकी छ ।

काँग्रेस १४औं महाधिवेशनमा रहेकाले नाम पठाउन सकेको छैन । बाँकी तीन मन्त्री काँग्रेसबाट थप हुन सक्ने देखिन्छ । अर्थात् मुख्यमन्त्री पाण्डेले संघीय सरकारकै जत्रो आकारको मन्त्रिपरिषद् बनाउने भएका छन् । संघीय सरकार २४ सदस्यीय छ । उद्योग बाणिज्य मन्त्रालय प्रधानमन्त्री शेरबहादुर देउवा आफैले सम्हालिरहेका छन् । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको कोटामा उद्योग मन्त्री नियुक्त गजेन्द्रबहादुर हमालले २४ असोजमा राजीनामा दिएका थिए । हमालको राजीनामापछि उक्त मन्त्रालय रिक्त छ ।

तर प्रदेश सरकारका मन्त्री संख्या भने तोकिएको छैन । संसद् संख्याको २० प्रतिशत मन्त्री बनाउन सकिने छुटको उपयोग गर्दै अन्य प्रदेशका मुख्यमन्त्रीहरुले पनि मन्त्रालय फुटाएर संख्या बढाउँदै आएका छन् । पाँच दलीय गठबन्धनको प्रदेश सरकारहरु रहेकाले आकांक्षी समेट्न पनि मन्त्रालय फुटाएर जम्बो मन्त्रिपरिषद् बनाउने विकल्पमा मुख्यमन्त्रीहरु लगिपरेका देखिन्छन् ।

प्रदेश-१ र बागमतीमा एकीकृत समाजवादीको नेतृत्वमा प्रदेश सरकार छ । प्रदेश १ मा राजेन्द्र राई र बागमतीमा पाण्डे मुख्यमन्त्री छन् । प्रदेश-२ मा जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको सरकार छ । यो सरकारलाई दुई तिहाइ सांसदको समर्थन छ । गण्डकी र कर्णालीमा काँग्रेस नेतृत्वको सरकार छ भने लुम्बिनी र सूदुरपश्चिम प्रदेशमा नेकपा माओवादी केन्द्रको नेतृत्वमा सरकार छ । राष्ट्रिय जनमोर्चा भने प्रदेश र संघको सरकारलाई समर्थन मात्रै गरेको छ, सहभागी छैन ।

## वैदेशिक...

सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्ने विषय उल्लेख गरिएको छ । श्रम सम्झौतामा भर्ना प्रक्रिया निःशुल्क बनाइने उल्लेख भए पनि वैदेशिक रोजगारीमा जाने श्रमिकले चर्को शुल्क तिर्दै आएका छन् ।

श्रमिकले भर्ना शुल्क तिर्नुपर्ने अवस्थाको अन्त्यका लागि अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउन पनि जिफन्टले सुझाव दिएको छ । श्रमिकले कुनै शुल्क तिर्नुपरेमा त्यसको अनिवार्य रसिद पाउने विषयलाई सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै जिफन्टले सरोकारवाला निकायको प्रभावकारिता वृद्धि गर्न सुझाव दिएको छ ।

## एजेन्टको...

प्रतिवेदनमा हरेक श्रमिकले नेपाली भाषामा लेखिएको रोजगार करार सम्झौता रोजगारीमा जानु अगाडि पर्याप्त समय बाँकी रहँदै प्राप्त गर्नुपर्ने औंल्याइएको छ । अध्ययनमा सहभागीमध्ये ९६ प्रतिशतले रोजगारीका क्रममा आफ्नो व्यक्तिगत कागजात (राहदानीलगायत) आफूले राख्न नपाएको बताएका थिए । चार प्रतिशतले गन्तव्य मुलुकमा रहँदा ट्रेड युनियनमा आबद्ध हुने अधिकार पाएको बताएका थिए ।

जिफन्टले श्रमिकको अधिकार स्थापित गर्न र मर्यादित काम, समान एवं उचित पारिश्रमिक कार्यान्वयनलगायतका विषयमा पैरवी गर्दै आएको छ । वैदेशिक रोजगारको योजनामा रहेका व्यक्तिलाई उपयुक्त सेवा प्रदान गर्ने वैदेशिक रोजगार कम्पनी खोज्न सहयोग गर्ने उद्देश्यले जिफन्टले अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आइटियूसी)सँगको साझेदारीमा रिक्रुटमेन्ट एडभाइजरमा सहकार्य गर्दै आएको छ ।


## साउदीमा रोजगार | कम्पनी: SAUDI MANPOWER SOLUTION COMPANY

शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४२१ L.T. No.: 253880

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labors | 100 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ७ गते (22 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ७७४/०६५/०६६

### अन्जुलिमा इन्टरनेशनल प्रा. लि.

पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com



## Narayan Municipality
## Office of The Municipal Executive

Dailekh
Karnali Province

### Invitation For Bids

**Notice No. 04/2078-079**

**First Date of Publication: 2078/08/29 (15 December 2021)**

1. The Narayan Municipality invites only Electronic Bids From Nepalese Eligible Bidders for the Construction of Following Projects under National Competitve Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Narayan Municipality, Office of the Municipal Executive, Dailekh or may Visit office Website www.narayanmun.gov.np or PPMO website **www.bolpatra.gov.np/egp.**

| SN | Name of The Project | Contract Identification no. | Estimated Amount (Exclusive VAT) | Bid Security Amount | Bid Document Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Chutara Bhabe Goladeu to Jarjakhola Bijura Road construction work, ward no.7 | NCB/NM/078-079/Works/04 | 85,91,803 | 2,80,000 | 3000 | 2078 Poush 30, 12:00 Noon |
| 2 | Ward no.6 office Building Construction Work | NCB/NM/078-079/Works/05 | 65,42,911 | 2,00,000 | 3000 | 2078 Poush 30, 12:00 Noon |

**Chief Administrative Officer**

# रुसबाट खोप ल्याउन पत्राचार

**काठमाडौं/मस-** सरकारले रुसमा उत्पादित कोभिड-१९ विरुद्धको खोप प्रयोग र सहयोग प्राप्त गर्ने सन्दर्भमा आवश्यक कागजात उपलब्ध गराउन पत्राचार गरेको छ।

विश्वभर कोभिड-१९ को संक्रमणको नयाँ भेरियन्ट फैलिरहेकै बेला सरकारले हालै रुसको खोप निर्माता सरकारी कम्पनीलाई खोपसम्बन्धी आवश्यक कागजातसहित विस्तृत जानकारी पठाउन अनुरोध गर्दै पत्राचार गरेको हो।

रुसी प्रत्यक्ष लगानी कोषका कार्यकारी अधिकृत किरिल डिमिष्ट्रिएभलाई केही समयअघि नै त्यस सम्बन्धमा पत्रचार गरिएको सचिव डा.रोशन पोखरेलले बताए।

पत्रमा भनिएको छ, 'कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराउने सहायताका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौं, नेपाल सरकारले विभिन्न कम्पनीद्वारा उत्पादित खोप लिने नीति लिएको छ। यो खोप विश्व स्थास्थ्य संगठनको मापदण्ड अनुरुप हुनुपर्नेछ।'

राष्ट्रिय खोप सल्लाहकार समिति, स्वास्थ्य सेवा विभागको सिफारिशअनुरुप खोपसम्बन्धी थप कागजात एवं दस्तावेज उपलब्ध गराउन कम्पनीलाई आग्रह गर्दै कागजात प्राप्त भएपछि समिति समक्ष प्रस्ताव गरिने विषय पत्रमार्फत उक्त कम्पनीलाई जानकारी गराइएको छ।



पत्रमा भनिएको छ,'नेपालमा हाल कोभिड-१९ नियन्त्रणमा रहेको र विश्वमा पनि संक्रमण नियन्त्रणमा होस् भन्ने नेपाल चाहना राख्छ।'

रुसी सरकारी अनुसन्धान संस्था 'गामालिया नेशनल रिसर्च सेन्टर फर इपिडिमियोलोजी एण्ड माइक्रोबायोलोजी'द्वारा उत्पादित खोप स्पुतनि-भी खरिद प्रक्रिया र नेपालमै उत्पादन सम्भावनाको जानकारी माग गरिएको बताइएको छ।

रुसमा रहेका नेपालीको सहयोग र सम्पर्कका आधारमा उत्पादक संस्था गामालियाले नेपाल सरकारसँग समन्वय गरेपछि नेपाली संस्था रियालन्स ट्रेड एण्ड इन्भेस्टमेन्ट कम्पनी प्रालिले हाल सहजीकरण गरिरहेको जनाइएको छ।

**थप २६४ जनामा कोरोना संक्रमण**

देशभर थप २ सय ६४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। यस अवधिमा १३ हजार ७०९ जनाको पीसीआर परीक्षण गरिएको थियो।

योसँगै नेपालमा पीसीआर परीक्षण गरिएका संक्रमितको संख्या आठ लाख २४ हजार ७६४ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा संक्रमितको संख्या ९५ हजार ८४५ पुगेको छ। पछिल्लो समय थप ३६२ जना कोरोनाबाट निको भएका छन्। योसँगै निको हुनेको संख्या आठ लाख सात हजार ५१६ पुगेको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

कोरोनाबाट नेपालमा थप दुई जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५५९ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी, पछिल्लो समय दुई लाख ३६ हजार ४८२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय संक्रमितको संख्या पाँच हजार ६८९ जना छ।

# काठमाडौं-रक्स्यौल रेलमार्गको विस्तृत अध्ययन अघि बढ्यो

**काठमाडौं/मस-** काठमाडौं-रक्स्यौल रेलमार्गको विस्तृत अध्ययन अघि बढेको छ। डेढमहिना पहिले सरकार र भारतीय सरकारबीच सम्झौता भएपछि अहिले विस्तृत परियोजना प्रतिवेदन अघि बढेको रेल विभागले जनाएको छ।

संघीय राजधानी काठमाडौंलाई भारतको रक्स्यौलसँग जोड्ने सो रेलमार्गका अध्ययनमा भारत सरकारको नै लगानी रहेको छ।

अक्टोबर महिनामा सम्झौता भएपछि नै भारतीय पक्ष आएर अध्ययनमा लागेको विभगका महानिर्देशक दिपकुमार भट्टराइले बताए। अहिले १८ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको छ। उनले भने, उनीहरुले त्यो समयभन्दा चाँडो सक्छौं भनिररहेका छन्।

भारतीय पक्षले सन् २०१८ मा प्रारम्भिक (प्रिलिमनरी इञ्जिनीयरिङ एण्ड ट्राफिक सर्वे) अध्ययन सकाएको महानिर्देशक भट्टराइले बताए। पहिलो चरणको काम भए पनि अझै महत्वपूर्ण काम बाँकी रहेको छ। अहिलेको विस्तृत अध्ययनमा 'फाइनल लोकेसन सर्वेक्षण' हुने बताइएको छ। सो रेलमार्गको लम्बाइ झण्डै १३६ किमी हुने प्रारम्भिक अध्ययनका क्रममा देखिएको छ। रेलमार्ग निर्माणमा कति लगानी लाग्ने भनी एकिन नभएको महानिर्देशक भट्टराइले बताए। विस्तृत अध्ययन हुँदा नै पहिले त्यसमा लाग्ने लगानी एकिन हुने र त्यसकै आधारमा कहाँबाट व्यवस्थापन गर्ने भन्ने छलफल हुने उनले बताए।

लगानीका विषयमा कसले गर्ने र कति र कसरी गर्ने भन्ने स्पष्ट भइसकेको छैन। लगानी एकिन आएपछि त्यसकै आधारमा भारत सरकारलाई भन्ने कि अरु विकल्पमा जाने भनी टुंगो लाग्नेछ। भारत सरकारले निर्माण गरिरहेका दुई देश जोड्ने अरु रेलमार्ग पनि ब्रोड गेजमा निर्माण भएको थियो। दुई देश जोड्ने सो रेलमार्ग निर्माण भएर रेल सञ्चालनमा आएपछि भारतबाट आयात हुने सामान सीमासम्म ल्याउन र त्यहाँबाट संघीय राजधानीसम्म लाग्ने लागत कम हुने अपेक्षा गरिएको छ।



भारतबाट आयात हुने सामानको ठूलो हिस्सा वीरगञ्जबाट आउने र त्यो सामानमध्ये काठमाडौंमा आइपुग्ने धेरै भएकाले पनि लागत कम हुनेछ। आयातका लागि कम लागत हुँदा त्यसले सामानको समेत मूल्य पनि घट्न जाने अपेक्षा गरिएको छ।

सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अघि बढाइरहेको छ भने छिमेकी देशसँग जोडिने गरी रेलमार्गको कतै अध्ययान र कतै निर्माणअघि बढाइएको छ। सन २०१२ मा भारत सरकारसँग सीमामा पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो।

भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गमा मात्रै निर्माणकार्य भइरहेको छ। अरु तीन स्थानमा भने सुरु नै हुनसकेको छैन। केहीवर्ष पहिले चीन सरकारले काठमाडौं केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको थियो। केरुङबाट काठमाडौँ र काठमाडौंबाट पोखरा र लुम्बिनिसम्मको रेलमार्ग निर्माणका लागि छलफल भए पनि अध्ययन अघि बढ्न सकिरहेको छैन। सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण अघि बढाइरहेको छ। सो रेलमार्ग पनि बजेटको कमी, जग्गा प्राप्तिको समस्यालगायतका कारणले गति लिन सकेको छैन।

नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि अहिले रेलमार्ग निर्माणअघि बढिरहेको छ।

# बैंकिङ कसुरका फरार व्यक्ति पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले ४५ लाख ५० हजार रुपैयाँ जरिवाना भएपछि फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनले ४५ लाख ५० हजार जरिवाना गरेपछि फरार रहेका ललितपुर महानगरपालिका-२१ बस्ने ४२ वर्षीय अमर महर्जनलाई मंगलबार पक्राउ गरेको हो।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले उच्च अदालत पाटनको विसं २०७८ असोज ८ गतेको फैसलापछि चार दिन कैद र बिगोबमोजिम ४५ लाख ५० हजार रुपैयाँ जरिवाना ठहर भएपछि फरार रहेका महर्जनलाई मंगलबार शंखमूलबाट पक्राउ गरिएको जानकारी दिए।



पक्राउ परेका महर्जनले आफ्नो मेघा बैंक लिमिटेडको खातामा पर्याप्त मौज्दात नहुँदानहुँदै झुक्यानमा पारी चेक दिएर बैंकिङ कसुरजन्य अपराध गरेका थिए। उच्च अदालतले महर्जनलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम उल्लिखित सजाय हुने गरी फैसला सुनाएको थियो। पक्राउ परेका महर्जनलाई फैसला कार्यान्वयनका लागि मंगलबार ललितपुर जिल्ला अदालतमा पेश गरिएको प्रवक्ता महतोले बताए।


**SLC को सर्टिफिकेट हरायो**

मिति २०७८/०८/१९ गते बालकुमारी बाट बानेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको श्रीत्र को सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय तथा मेरो निम्न ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम : प्रज्ञा मर्हजन
दर्ता नं. : २९३४३३०००५१
सिम्बोल नं. : ०३०६४४५ I
सम्पर्क नं : ९८४३५०६६५६



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६।०३।०२ मा दर्ता भएको **प्रा.लि. नं. २१७५०६** को **राउन्डाडा फुड प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**साउदीमा रोजगार** | १. कम्पनी: KENAN ARABIAN CONTRACTING EST
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४५५ LT. No.: 253754

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: KENAN ARABIAN CONTRACTING EST
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४०५ LT. No.: 253755

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Worker | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 3 | 0 | | 1800 | ५८,०३२ | | | | | | | |
| 3. | Road Vehicle Driver | 2 | 0 | | 1800 | ५८,०३२ | | | | | | | |
| 4. | General Electrician | 4 | 0 | | 1500 | ४८,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ७ गते (22 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04, Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: CAFE NICE FOOD
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१०७४५६ L.T. No.:253843

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ७ गते (22 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg, Samakhusi 26, Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



**साउदीमा रोजगार** | कम्पनी: HUSSAIN MOHAMMED AL-RAMADHAN FOR GENERAL CONTRACTING
शहर: Saudi

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४५७ LT. No.: 253736

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Laborer | 6 | 0 | स. काममा दक्ष | 1200 | ३८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पौष ७ गते (22 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np



**सुनापति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हिलेदेवी, रामेछाप
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/०८/२९**

यस कार्यालयबाट मिति २०७८/०७/२६ गते प्रकाशित सूचना अनुसार सूचनामा उल्लेखित अवधि भित्र bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्येका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र. सं. | कार्यको विवरण | ठेक्का नं | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | Upgrading work on Sandidanda archale khanikhola Shatalingeswar Ma.Vi Road | SUN/W/NCB/03/2078/79 | Shailungeshwari Chaurikhola Construction Pvt. Ltd. | 51,84,565.00 |

प्रमुख प्रशासकीय अधिकृत



**HOSPITALITY TRAINING**

Hilton Academy Pvt. Ltd.

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउँछौं।



नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Culinary Arts
01-4951313 H/P 9851195484



**UAE मा रोजगार** | कम्पनी: POWER LEASE VEHICLE RENTAL DMCC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०१७०४४६ LT. No.: 253866

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Bike Rider | 50 | 0 | स. काममा दक्ष | 1800 | ५९,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस ७ गते (22 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Excellent Manpower Services Pvt. Ltd.**
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## सम्पादकीय

# अराजनीतिक अवरोध

मंगलबार शुरू भएको प्रतिनिधिसभा बैठक एक साताका लागि स्थगित गरिएको छ । प्रमुख विपक्षी दल नेकपा एमालेको अवरोधबीच शुरू भएको बैठक सभामुख अग्निप्रसाद सापकोटाले एक साता स्थगित गरेका हुन् । सत्तारूढ दल नेपाली काँग्रेसको राजधानी उपत्यकामा महाधिवेशन चलिरहेकाले पनि संसद् बैठक स्थगित गरिनु तर्कसंगत नै देखिन्छ । किनभने संसद्लाई बिजनेश दिनुपर्ने सरकार प्रमुख पार्टी नेतृत्वका लागि चुनावी बातावरणमा छन् । प्रधानमन्त्री शेरबहादुर देउवा चुनावमा व्यस्त भइरहँदा संसदलाई बिजनेश दिने अवस्था बन्दैन । हुन त प्रधानमन्त्री देउवा फूर्सदमै भएपनि सहज रूपमा संसद् चल्ने अवस्था छैन । गएको २३ देखिदेखि एमालेले लगातार संसद् बैठक अवरोध गर्दै आएको छ ।

सभामुख सापकोटाको राजीनमा माग गर्दै एमालेले संसद्मा अवरोध गरिरहेको छ । विपक्षीले राजीनामा माग्दैमा सभामुख हट्ने अवस्था छैन । किनभने सभामुख परिवर्तन र हट्ने भनेको संसद्को बहमुतले हो, विपक्षीको मागले होइन । विपक्षी दल हुनुका अर्थ संसद्मा अल्पमतमा पर्नु समेत हो । यसो हुँदा अल्पमतले सभामुख हटाउने सामर्थ्य राख्दैन । तर एमाले पार्टी विभाजनमा सहयोग गरेको भन्दै सभामुखको राजीनामा माग भइरहेको छ । जबकी एमाले विभाजन सभामुखका कारणले नभइ आन्तरिक विवादका कारण भएको हो । सरकारले अध्यादेश ल्याएर विभाजनमा माधवकुमार नेपालहरू जानु राजनीतिक मुद्दा समेत हो । राजनीतिक मुद्दाको हल पनि राजनीतिक नै हुन्छ । अझ एमाले विभाजनको जग केपी शर्मा ओलीले संसद् विघटनको निर्णय गरेबाट शुरू हुन्छ ।

तर एमालेले भने सभामुख सापकोटाका कारण पार्टी विभाजन भएको भन्दै जनप्रतिनिधिहरूको थलो संसदमा अवरोध गर्दै आएको छ । एमालेको अवरोधका कारण जनताको समस्याबारे सांसदहरूले सरकारको ध्यानकर्षण गराउन पाएका छैनन् । प्रमुख विपक्षी एमालेले पनि सरकारलाई खबरदारी गर्नुको साटो संसद्मा नाराबाजी भन्दा माथि उठ्न सकेको छैन । अझ राष्ट्रिय सहमति जुटाउन हुने सर्वदलीय छलफलमा पनि एमाले सहभागी हुन अस्वीकार गर्दै आएको छ । सम्वादमा नबस्ने, विभाजित भएको एकीकृत समाजवादी सहभागी हुने फोरममा भाग नलिने जस्तो अराजनीतिक बाटोमा एमाले अगाडि बढेको छ । यसले जवाफदेही दल नभएर अराजनीतिक एजेण्डा बोक्ने शक्तिमा एमाले रूपान्तरित हुने खतरा छ । अतः यसबारे एकपटक पुनर्विचार गर्न आवश्यक छ ।

# विकृत बनेको लोकतन्त्र

लोकतन्त्र आएपछि नै देशभरका उद्योग, कलकारखाना सकिएका हुन्, लोकतन्त्रपछि देशले खाद्यान्न आयात गर्ने गरेको छ, पहिले निर्यात गर्थ्यो ।

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशमा ओमिक्रोन देखिएछ, कति शिखरत्व प्राप्त गरेछौं हामीले, विश्व स्वास्थ्य संगठनले नामकरण गर्नुपूर्व नै हामीकहाँ कोरोनाको अर्को भाइ ओम्रिकन आएछ । अफ्रिकन नागरिक यहीँ आए रे, २ जनामा पुष्टि भयो रे, गाइँ गुइँ त पहिले नै चलेको थियो हल्ला । हालै सरकारले भनिदियो, पत्याउनु पनि पर्‍यो, ओम्रिकन आएपछि डलर पनि आउँछ, वा तान्न सजिलो पनि हुन्छ, होइन भने विगतमा पनि नाका किन परिक्षण गरिएन, बन्द गरिएन ? बुहानको कोरोना यहाँ आफैं आएको होइन, ल्याएर आएको हो । अब त बन्दाबन्दी घोषणा गर्ने योग्यता पुगिसकेको छ । विगतमा पनि ख्याल ख्यालमै अनाडीमा हानेको हो र कृषि क्षेत्रलाई तड्पाएकै हो र त अधिकांश विषय यहाँ उत्पादन भएन ।

त्यसो त विश्वको सार्वजनिक नीति पनि अचम्मको छ, खासगरी खोपको केसमा, यहाँ हरेक दिनमा २ लाखको दरले खोप दिइन्छ भनिएको छ । १ अर्ब ३० करोड जनसंख्याको अफ्रिकामा खोप वितरणमा समानता छैन, एक सर्वेक्षणले भनेको छ । उत्पादनको ८९ प्रतिशत खोप धनी देशले खरिद गरेछन् । सन् २०२१ भित्र १२ अर्ब खोप उत्पादन गरिने रे । अर्को वर्ष २०२२ सम्ममा सबैलाई खोप दिलाइ सक्ने रे, वयस्कलाई यो संख्याले पुग्ला पनि । गत जुनमा भएको जि ७ को शिखर सम्मेलनमा विश्वका नेताहरु जम्मा भएर गरेको बाचा यही हो । तर न्यून आय भएका देशमा खोपको आपूर्ति राम्ररी भएको छैन । अफ्रिकामा ७३ प्रतिशत स्वास्थ्यकर्मी नै असुरक्षित छन् । कम आय भएका देशमा एक जनाको अनुपातले उच्च वा मध्यम आय भएका देशमा ६ जनाले खोप पाएको सर्वेक्षणको तथ्य छ । २०२१ भित्र विश्व स्वास्थ्य संगठनले भनेको छ संसारका ४० प्रतिशत मानिसले यसै २०२१ भित्रै खोप पाउँछन् । तर हातका औंला पनि बराबर छैनन्, भनाइ एकातिर गराइ अर्कोतिर । संसारका ८२ देशले विश्व स्वास्थ्य संगठनको लक्ष्य पूरा गर्न सक्दैनन् । भनिन्छ न्यून आय भएका देशमा ९५ प्रतिशत मानिस असुरक्षित छन्, हुनेछन् । धनी देश अमेरिकाले खोप दिने भनेको मध्ये २५ प्रतिशत मात्र उपलब्ध गराएको छ, युरोपियन युनियनले अझ कम १९, बेलायतले ११, क्यानडाले कबोल गरेकोभन्दा ५ प्रतिशत मात्र खोप आपूर्ति गरेको छ । धनी देशले स्टोर गरेका छन्, यसको म्याद गुज्रने गरी, सामाजिक अन्याय होइन र यो ?

